स्थानिय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि, २०७५

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः ०६ मितिः २०७९।०५।०१

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७९।०४।३१ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **"अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार छनौट कार्यविधि – २०७९"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**

विरुवा गाउपालिका, स्याङ्जा जिल्लाको उत्तर पुर्वमा अवस्थित एक गाउँहरुले भरिएको स्थानिय तह हो। यहाँका अधिकांश मानिसहरुको मुख्य पेशा कृषि हो तर कृषि पेशालाई व्यसायिक तथा प्रतिस्पर्धि बनाउन नसक्दा यो पेशा निर्वाहमुखी मात्र हुन पुगेको छ ।

विरुवा गाउँपालिकाले कृषि क्षेत्रको विकासमा उल्लेख्य बजेत विनियोजन गरेको छ कृषक तथा कृषि क्षेत्रको प्रोत्साहान गर्न अध्यक्ष उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिएको ।

**१. सक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम **"अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार छनौट कार्यविधि – २०७९"** रहेको छ ।

ख. यो कार्यविधि विरुवा गाउपालिकाभर लागु हुनेछ ।

**२. परिभाषा**

क. "कृषक" भन्नाले कृषि पेशालाई प्रमुख पेशा बनाई ५० प्रतिशत भन्दा बढी समय र परिश्रम (मानसिक वा शारिरिक) सो पेशामा लगानी गरेको र पारिवारिक खर्चको कम्तीमा ४० प्रतिशत योगदान कृषि पेशाको आम्दानीबाट हुने गरेको व्यक्ति वा एकाघरको परिवारलाई सम्झनु पर्छ ।

ख. "स्थानिय तह" भन्नाले विरुवा गाउपालिकालाई सम्झनु पर्छ ।

३. **कार्यक्रमको उद्धेश्यः** यस कार्यक्रमका उद्धेश्यहरु देहाय बमोजिम छन् :

क. गाउपालिका क्षेत्रमा व्यत्तिगत रुपमा दर्ता भएका कृषक, कृषि फर्म तथा कृषक समुहलाई पोत्साहान गर्ने ।

ख. कृषिमा व्यावसायिकताको अभिवृद्धि गरि उत्पादकत्वमा वृद्धि गर्ने ।

ग. यस कार्यक्रमको निरन्तर सञ्चालन मार्फत गाउपालिकालाई कृषि जन्य उत्पादनमा आत्मनिर्भर गराउने

घ. कृषि क्षेत्रमा लगानि मार्फत रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने ।

४. **कार्यक्रम सञ्चालनका विधि प्रक्रियाः**

**क.** कृषि तथा पशुपक्षिं शाखाबाट सिफारीस भई दफा ४ ख बमोजिमको छनौट समितिले छनौट हुनेछ ।

**ख.** छनौट तथा सिफारीस समितिः छनौट समिति गाउँपालिका अध्यक्षज्यूको संयोजकत्वमा, उपाध्यक्ष, प्र.प्र.अ. र आर्थिक विकास समितिको संयोजक सदस्य र कृषि शाखा प्रमुख सदस्य सचिव रहनेछ ।

५. **सिफारीस संम्बन्धि व्यवस्थाः** समिति वा शाखाले वर्षभरिको मुल्यांकनका आधारमा पुरस्कार प्राप्त गर्ने व्यक्ति फर्म समुह र उक्त व्यक्ति फर्म समुह ले प्राप्त गर्ने पुरस्कार रकम को लागि सिफारीस गर्न कृषक अनुदान वितरण कार्यविधि

संशोधित २०७९ को छनौट समितिले वा कृषि तथा पशु पक्षिशाखाले गर्ने छ ।

६. **कार्यक्रम सञ्चालनका विधि प्रक्रिया:**

**क.** सम्बन्धित अनुदानग्राहिको अनुगमन पस्चात छनौट समित वा शाखाको सिफारिस पश्चा अध्यक्ष ज्यूबाट समिति र शाखाको रायको आधारमा प्रत्यके क्षेत्रको १/१ वटा कृषक, समूह वा सहकारी छनौट र प्रत्येकको पुरस्कार रकम निर्धारण गरि एकमुष्ठ रुपमा उपलब्ध गराईन्छ । उक्त रकममा २५ प्रतिशत आकस्मिक लाभ कर कट्टी गरिन्छ ।

७. **कार्यक्रमको अनुगमन सम्बन्धि व्यवस्था:** शाखाबाट पुरस्कार प्राप्त गर्ने कृषक, समूह वा सहकारीको निरन्तर अनुगमन गर्न पर्नेछ ।

८. **अभिलेख राख्नु पर्ने:** कृषि तथा पशुपक्षिं शाखाले पुरष्कार प्राप्त गर्ने कृषक, फर्म, समूह तथा सहकारीको अभिलेख सबै विवरण खुल्ने गरि चुष्त दुरुष्त रुपमा राख्नु पर्न छ ।

आज्ञाले

अनन्तराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत